**कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णयहरुः**

१. ओखलढुङ्गा जिल्ला प्रदेश नं.१ निर्वाचन क्षेत्र नं."क" बाट निर्वाचित प्रदेश सभाका माननीय सदस्य श्री अम्बिर बाबु गुरुङज्यू प्रदेश नं.१ का भौतिक पूर्वाधार विकास राज्य मन्त्री हुनु भएकोमा यस नगरपालिकाद्वारा वहाँलाई स्वागत तथा वधाइ ज्ञापनका लागि मितिः२०७६।१०।१५ गते विहान ११.०० बजे जिल्ला समन्वय समितिको सभाहल ओखलढुङ्गामा कार्यक्रम आयोजना गरी उक्त कार्यक्रममा नगर कार्यपालिकाका सबै सदस्यहरु, नगर सभाका सबै सदस्यहरु, जिल्लास्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख, प्रमुख राजनैतिक दलका प्रमुखहरु, स्थानीय बुद्धिजीवि, समाजसेवी, उद्योगी, व्यवसायीहरु र शिक्षकवर्ग समेतलाई सहभागिताका लागि आमन्त्रण गर्ने ।

२. यस नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि साविक ओखलढुङ्गा गाउँ विकास समिति वार्ड नं.६ हाल यस नगरपालिका अन्तरगत वार्ड नं.१२ स्थित कि.नं.२९० को सार्वजनिक जग्गा र सोही जग्गासँग जोडिएको हालको श्री बालमन्दिर आधारभूत विद्यालय ओखलढुङ्गामा गाभिएर गएको साविक श्री सगरमाथा प्रा.वि.ओखलढुङ्गाको नाममा रहेको कि.नं.२९२ को क्षेत्रफल १-११- ३-१ को जग्गा यस नगरपालिकाको भोगाधिकारमा ल्याउनको लागि आवश्यक कानूनी प्रक्रिया अगाडी बढाउने र सोही जग्गामा नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम समन्वय इकाई ललितपुरमा प्रस्ताव पेश गर्ने ।

३. नेपाल सरकार (मन्त्रिपरिषद) को मितिः२०७६।९।२८ को निर्णय बमोजिम यस नगरपालिकाको नाममा रहेको नगरपालिकाको वार्ड नं.११ स्थित कि.नं.१५२८ र १५३० क्षेत्रफल ६-०-०-० को जग्गा घर जग्गा रजिष्ट्रेशनको लागि तोकिएको न्यूनतम दरबाट हुन आउने रकम लिई उच्च अदालत बिराटनगर, अस्थायी इजालस ओखलढुङ्गाको नाममा स्वामित्व हस्तान्तरण गर्ने स्वीकृति प्राप्त भएकोले सो सम्बन्धी कानूनी प्रक्रिया पूरा गरी उक्त जग्गाको स्वामित्व उच्च अदालत बिराटनगर, अस्थायी इजालस ओखलढुङ्गालाई हस्तान्तरण गर्ने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सिंहदरवार काठमाण्डौंको मितिः२०७६।१०।५ को पत्रानुसार यस कार्यालयको लागि नियुक्त हुने सूचना प्रविधि अधिकृत (IT Officer) को २०७६ माघदेखि २०७७ असार मसान्त सम्मको लागि आवश्यक पर्ने आधारभूत पारिश्रमिकको २५ प्रतिशतले हुने रकम यस कार्यालयबाट व्यहोर्ने गरी सोधभर्ना माग गर्ने ।

५. शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई विराटनगरको च.नं.५८३ मिति: २०७६।१०।५ को प्राप्त पत्रानुसार आगामी दुई बर्ष भित्र सम्पूर्ण पराल वा खरको छाना भएका घर परिवारहरुलाई जस्तापाताको छानामुनी ल्याउने नेपाल सरकारको नीति बमोजिम यस नगरपालिका अन्तरगतका सबै वार्डहरुबाट आवश्यक सुरक्षित नागरिक आवास (खरको छाना हटाई टिनको छाना लगाउनु पर्ने) परिवारहरुको वडागत संख्या एकीन गरी सम्बन्धित वडा कार्यालयले ७ दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

६. नेपाल सरकारबाट स्वीकृत भई जारी गरिएको सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १४ बमोजिम यस नगरस्तरीय सेनिटरी प्याड बितरण तथा व्यवस्थापन समिति तपसिल बमोजिम गठन गर्ने ।

१.उपप्रमुख - संयोजक

२.नगर कार्यापालिकाको महिला सदस्यमध्येबाट श्री डोल्मा शेर्पा -सदस्य

३.स्वास्थ्य शाखाका संयोजक अधिकृत - सदस्य

४.विद्यालय सम्पर्क व्यक्तिहरु मध्येबाट - सदस्य

५.महिला तथा बालबालिका शाखाका अधिकृत - सदस्य

६.शिक्षा शाखकाका अधिकृत - सदस्य सचिव

७. यस नगरपालिका अन्तरगतको खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सह लगानी अन्तरगतको खानेपानी आयोजनाको गुणस्तर सुधार फिल्टर ट्याङ्की र चौकीदार भवन निर्माण समेतको लागि आवश्यक पर्ने जग्गा यस नगरपालिका अन्तरगत वार्ड नं.११ को रमाइलोडाँडास्थित कि.नं.१०१ को क्षेत्रफल ८-८-२-० (सार्वजनिक जग्गा) मध्येबाट उपलब्ध गरिदिन माग गरेकोमा प्रचलित कानून बमोजिम गुणस्तर सुधार फिल्टर ट्यांङ्की र चौकीदार भवन निर्माणको लागि उपलव्ध गराउने प्रक्रिया अगाडी बढाउने ।

८. यस नगरपालिकाकाको चालु आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम नगरपालिकाको नीति, नियम र निर्णयहरु कार्यान्वयन गराउने कार्यमा सहजीकरण गर्नका लागि आवश्यकता अनुसारको संख्यामा नगर प्रहरी भर्ना गर्नुपर्ने आवश्यकता देखिएकोले नगर प्रहरीको कार्य बिवरण सहितको कार्यविधि तयार गरी पदपूर्तिको प्रक्रिया अगाडी बढाउने ।

९. नेपाल सरकाले घोषणा गरेको नेपाल भ्रमणबर्ष २०२० प्रवर्द्धनको क्रममा यस नगरपालिकाको ऐतिहासिक,पुरातात्विक, प्राचीन, प्राकृतिक तथा पर्यटकीयस्थलहरु र स्थानीय उत्पादन सम्बन्धमा जानकारीमूलक बिवरणहरु समावेश गरी नगरपालिकाको युट्यूब च्यानल सञ्चालनमा ल्याउने र अन्य विभिन्न अतिरिक्त क्रियाकलापहरु समेत सञ्चालनमा ल्याउने ।

१०.यस नगरपालिकाको सदरमुकाम ओखलढुङ्गा बजारस्थित सरकारी कार्यालयहरु तथा सार्वजनिक स्थलहरुको सुरक्षालाई मध्येनजर गरी नगरपालिकाको कार्यक्रम बमोजिम बजारका मूख्य मूख्य स्थानहरुमा जडान गरिएको सि.सि.क्यामेराहरु सम्बन्धमा एक कार्यक्रमको आयोजना गरी सार्वजनिकीकरण गर्ने ।

११. यस नगरपालिकाको पाँचौं नगर सभा २०७६ साल फागुन पहिलो हप्तामा सञ्चालन गर्ने गरी तयारी गर्ने ।